नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा )**

सिंहदरबार,
काठमाण्डौ, नेपाल।

च.नं. ६०६

पत्रसंख्याः०७७/७८ (सा.स.सा.सु)

मितिः २०७७/०९/०२

विषयः सिफारिश कार्यान्यन गर्ने गराउने सम्वन्धमा ।

श्री स्थानीय तहहरु ( सवै )

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको मिति २०७७।०८।२६ ,च.नं.मा.अ. ७२१/२४८३ को पत्रबाट राष्ट्रिय मानव अधिकार आयोगबाट विभिन्न जिल्लाहरुमा अनुगमन तथा अन्तरकृया मार्फत यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको मानव अधिकारको अवस्था सम्बन्धी प्रतिवेदन तयार गरी स्थानीय तहहरुसँग सम्बन्धित १३ (तेह)वटा सिफारिशहरु कार्यान्यनका लागि लेखि आएकोले उक्त सिफारिशहरु संलग्न पत्रबाट अवगत गर्नु भई उल्लेखित सिफारिशहरु कार्यान्वयन हुन निर्णयानुसार अनुरोध छ।साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र राष्ट्रिय मानव अधिकार आयोगबाट प्राप्त पत्रहरु यसैसाथ संलग्न रहेको व्यहोरा समेत अनुरोध गर्दछु।

बोधार्थः
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,
सिंहदरवार, काठमाण्डौ।

श्री राष्ट्रिय मानव अधिकार आयोग,
पूल्चोक, ललितपुर।

श्री सूचना तथा प्रविधि शाखा, सं.मा.तथा सा.प्र.म.-पत्रहरु मन्त्रालयको वेभसाईटमा अपलोड गरिदिनु हुन।

२०७७।०९।०२
लेखनाथ भट्टराई
शाखा अधिकृत

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
मानव अधिकार शाखा
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०७७/७८
च.नं. : मा.अ. ७२१/२४८३

मिति २०७७/०८/२६

दर्ता नं.: ३९००
मिति: २०७७।८।२५

बिषयः <u>सिफारिस कार्यान्वयन गर्ने गराउने सम्बन्धमा ।</u>

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

उपरोक्त सम्वन्धमा राष्ट्रिय मानव अधिकार आयोगको च.न.२५३/GESI, मिति २०७७।०७।२८ गतेको पत्र मार्फत नेपालको संविधानको धारा २४९ (१) र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ४ (१) (ग) र (च) बाट प्राप्त कायदिश बमोजिम यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको मानव अधिकारको अवस्था सम्बन्धी विभिन्न जिल्लाहरुमा अन्तरक्रिया तथा अनुगमन कार्य सम्पन्न गरी उक्त समुदायले उठाएका सवालहरुको आधारमा "यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको मानव अधिकारको अवस्थासम्बन्धी अध्ययन प्रतिवेदन" तयार गरी सार्वजनिक गरेको र सो प्रतिवेदनमा सङ्घीय, प्रादेशिक र स्थानीय तहका सरकारले कार्यान्वयन गर्नुपर्ने सिफारिस उल्लेख गरिएको छ। उल्लेखित सिफारिसहरु मध्ये स्थानीय तहसँग सम्वन्धित तपसिलका सिफारिस स्थानीय तहबाट कार्यान्वयन गरी आयोग र यस कार्यालयलाई समेत जानकारी गराउनु पर्ने भएको हुँदा यसैसाथ संलग्न मानव अधिकार आयोगबाट प्राप्त पत्र सबै स्थानीय तहमा पठाउने व्यवस्था हुन निर्देशानुसार अनुरोध छ।

<u>तपसिल</u>

२. स्थानीय सरकारलाई

१. यौनिक तथा लैङ्गिक अल्पसंख्यक हुनु कुनै पूर्वजन्मको पाप वा अभिशाप होइन भन्ने जनचेतनामूलक कार्यक्रम बेला बेलामा संचालन गर्न, गराउन,
२. यो समुदाय पनि सम्मानका हकदार हुन, यिनलाई गाली गर्ने, गिज्याउने र अभद्र व्यवहार गर्न हुँदैन भन्ने जनचेतना आ-आफ्नो क्षेत्रमा व्यापक प्रचार प्रसार गर्न, गराउन,
३. यस्ता सन्तान जन्मेमा सम्बन्धित अभिभावक र परिवारलाई हिनताबोध हुन नदिन आवश्यक सरसल्लाह, परामर्श दिन दिलाउन,
४. यस्ता सन्तानको लैङ्गिक प्रकृति समेत खुलाई लगत राख्न र यसलाई अद्यावधिक बनाउदै लगी सम्बन्धित निकायलाई अवगत गराउन,
५. यस्ता सन्तानको समुचित भरणपोषण हुन सकोस् भन्ने कुरामा घर परिवारसँग सम्पर्कमा रही अनुगमन गर्न गराउन,
६. यो अल्पसंख्यक समुदाय गाउँ, टोल, समाज छरछिमेकी र साथीभाई समेतबाट अपहेलित हुन नसकोस् भन्ने कुरामा सचेत भई निगरानी राख्न,

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

मानव अधिकार शाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

७. आफ्नो क्षेत्रमा यस्ता व्यक्तिको संख्याको अनुपातमा संरक्षणात्मक र प्रवर्द्धनात्मक कार्यक्रमका लागि बजेट छुट्याउन,

८. सन्तानको शिक्षा दीक्षा र खेलकुदका लागि समुचित वातावरण बनाउन पहल गर्न,

९. विद्यार्थीलाई पढ्न प्रोत्साहन गर्न आवश्यकतानुसार छात्रवृति तथा शैक्षिक सामग्री उपलब्ध गराउन,

१०. विद्यालय/महाविद्यालय शिक्षा/शिक्षिकाहरुलाई यी अल्पसंख्यकमैत्री बनाउन आवश्यक प्रवन्ध गर्न,

११. यस्ता व्यक्तिहरुको गुनासोलाई तत्काल सम्बोधन गर्न आफ्ना निकायभित्र संयन्त्रको प्रवन्ध गर्न,

१२. यस्ता व्यक्तिहरुको संख्या हेरी विद्यालयसमेतमा शौचालयको समेत प्रवन्ध गर्न, गराउन,

१३. यस्ता समुदायका व्यक्तिहरुको खेलकुद, कलाकारिता, साहित्य र संगीत जस्ता क्षेत्रमा अभिरुचीका आधारमा प्रतिभा विकसित गर्न प्रोत्साहन तथा सरसहयोग गर्न।

संलग्नः राष्ट्रिय मानव अधिकार आयोगको च.नं. २५३/GESI, मिति २०७७।०७। २८ को पत्रको प्रतिलिपि।

बोधार्थ

श्री राष्ट्रिय मानव अधिकार आयोग,
हरिहरभवन, ललितपुर।

(विश्वदीप बेस्रा)
शाखा अधिकृत

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

# राष्ट्रिय मानव अधिकार आयोग

## National Human Rights Commission of Nepal

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


च. नं. ९५३ GESI

मिति : २०७७ ०७ २८

राष्ट्रिय मानव अधिकार आयोग नेपाल

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं ।

२९६८
२०७७।८।५

विषयः सिफारिश सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा यस आयोगले नेपालको संविधानको धारा २४९ (१) र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ४ (१) (ग) र (च) बाट प्राप्त कार्यादेश बमोजिम यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको मानव अधिकारको अवस्था सम्बन्धी विभिन्न जिल्लाहरुमा अन्तरक्रिया  तथा अनुगमन कार्य सम्पन्न गरी उक्त समुदायले उठाएका सवालहरूको आधारमा "यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको मानव अधिकारको अवस्थासम्बन्धी अध्ययन प्रतिवेदन" तयार गरी सार्वजनिक गरेको छ । आयोगले सम्पन्न गरेका विभिन्न अनुगमन तथा कार्यक्रमहरुबाट  यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको मानव अधिकारको संरक्षण र संवर्द्धनको सन्दर्भमा सङ्घीय, प्रादेशिक र स्थानीय तहका सरकारले विशेष प्राथमिकताका साथ कार्य गर्नुपर्ने आवश्यकता देखिएको हुँदा सो सम्बन्धमा तहाँ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट आवश्यक कार्यवाही अगाडि बढाई सोको जानकारी यस आयोगलाई समेत गराउनहुन राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम तपसिल बमोजिमको सिफारिश गरिएको छ । साथै उक्त प्रतिवेदनको प्रति यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

<u>तपसिल</u>

**१. सङ्घीय सरकारलाई**

मुलुकको मानव अधिकारको प्रत्याभूतिको प्रमुख जिम्मेवारी वहन गर्ने सङ्घीय सरकारलाई आयोग निम्नानुसार गर्न गराउन सिफारिश गर्दछ :-

१. यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिले मानव अधिकारका दृष्टिले पाउने सुविधा, पूरा गर्नुपर्ने  दायित्व, यस समुदायलाई अत्यावश्यक सकारात्मक विभेद समेतका सम्पूर्ण विषय समेटी  ऐन बनाउन, (महिला, बालबालिका,

२. यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिले आफूले चाहेको पहिचानअनुसारको नागरिकता पाउन, त्यसमा लिङ्ग परिवर्तन गरेको प्रमाणपत्र खोज्ने र अभिभावकले सनाखत नगरिदिएको अवस्थामा नागरिकता पाउन सरल कार्यविधियुक्त कानूनी प्रबन्ध हुन विद्यमान व्यवस्थामा परिमार्जन गर्न, (गृह,


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

Phone: +977-1-5010015, Fax: +977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal

Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

२ प्रदेश सरकारलाई

प्रदेश सरकारले यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको मानव अधिकारका लागि निम्नानुसार विशेष प्रबन्ध गर्न गराउन सिफारिश गर्दछ :-

१. आफूअन्तर्गतका सबै जिल्लाको पालिकागत रुपमा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको लगत राख्न,

२. सो लागतका आधारमा समुचित वजेटको व्यस्था गर्न,

३. प्रदेशभित्रका विद्यालयका सम्बन्धित शिक्षकहरूलाई कम्तीमा वर्षको एकपटक सम्बन्धित विषयमा तालिम, कार्यशाला र गोष्ठीको आयोजना गर्न, गराउन,

४. यो अल्पसंख्यक समुदाय उच्च अध्ययनबाट वञ्चित हुन नपरोस भनेर छात्रवृत्ति र छात्रावास समेतका समुचित प्रबन्ध गर्न, गराउन,

५. उनीहरूलाई स्वरोजगारका लागि सीपमूलक तालिम र प्रशिक्षणको प्रवन्ध गर्न, गराउन,

६.आत्मसम्मान संरक्षणका लागि घृणा, निन्दा र अपहेलनाजन्य कार्यलाई आपराधीकरण गर्न आवश्यक कानून बनाउन,

७. आफ्नो क्षेत्रभित्रका नेपाल प्रहरी र प्रशासन समेतका सार्वजनिक निकायलाई यस समुदायप्रति मैत्रीभाव राख्न लगाउने र यो राखे नराखेको अनुगमन गर्ने गराउने प्रवन्ध गर्न,

८. यस समुदायका व्यक्तिको गुनासो सुनी तत्काल सम्बोधन गर्ने संयन्त्र बनाउन,

९. उनीहरूलाई स्वरोजगार बनाउन प्रोत्साहित गर्नुपर्ने र आवश्यक परेमा प्रारम्भिक पूँजी (सीड मनी) को प्रवन्ध गर्न, गराउन,

१०. यो समुदायका व्यक्तिहरूको प्रतिभा निखार्न, खेलकूद, कलाकारिता, संगीत र साहित्य जस्ता क्षेत्रमा प्रतिष्पर्धामा भाग लिन प्रोत्साहन दिने खालका प्रतियोगिताहरू बेला बेलामा आयोजना गर्न ।

३. स्थानीय सरकारलाई

प्रत्येक गाउँ, टोल, वडा र घर-घरमा स्थानीय सरकारको जिम्मेवारी बढी रहने भएकोले अल्पसंख्यक समुदायको मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि निम्नानुसार गर्न, गराउन सिफारिश गर्दछ :-

१. यौनिक तथा लैङ्गिक अल्पसंख्यक हुनु कुनै पूर्वजन्मको पाप वा अभिशाप होइन भन्ने जनचेतनामूलक कार्यक्रम बेला बेलामा संचालन गर्न, गराउन,

२. यो समुदाय पनि सम्मानका हकदार हुन, थिनलाई गाली गर्ने, गिज्याउने र अभद्र व्यवहार गर्न हुँदैन भन्ने जनचेतना आ-आफ्नो क्षेत्रमा व्यापक प्रचार प्रसार गर्न, गराउन,

३. यस्ता सन्तान जन्मेमा सम्बन्धित अभिभावक र परिवारलाई हिनताबोध हुन नदिन आवश्यक सरसल्लाह, परामर्श दिन दिलाउन,

४. यस्ता सन्तानको लैङ्गिक प्रकृति समेत खुलाई लगत राख्न र यसलाई अद्यावधिक बनाउँदै लगी सम्बन्धित निकायलाई अवगत गराउन,

५. यस्ता सन्तानको समुचित भरणपोषण हुन सकोस् भन्ने कुरामा घर परिवारसँग सम्पर्कमा रही अनुगमन गर्न गराउन,

६. यो अल्पसंख्यक समुदाय गाउँ, टोल, समाज छरछिमेकी र दाजुभाइ समेतबाट अपहेलित हुन  नसकोस् भन्ने कुरामा सचेत भई निगरानी राख्न,

७. आफ्नो क्षेत्रमा यस्ता व्यक्तिको संख्याको अनुपातमा संरक्षणात्मक र प्रवर्द्धनात्मक कार्यक्रमका लागि बजेट छुट्याउने,

८. सन्तानको शिक्षा दीक्षा र खेलकूदका लागि समुचित वातावरण बनाउन पहल गर्ने,

९. विद्यार्थीलाई पढन प्रोत्साहन गर्न आवश्यकतानुसार छात्रवृत्ति तथा शैक्षिक सामग्री उपलब्ध गराउन,

१०. विद्यालय/महाविद्यालय शिक्षक/शिक्षिकाहरूलाई यी अल्पसंख्यकमैत्री बनाउन आवश्यक प्रवन्ध गर्ने,

११. यस्ता व्यक्तिहरूको गुनासोलाई तत्काल सम्बोधन गर्न आफ्ना निकायभित्र संयन्त्रको प्रवन्ध गर्ने,

१२. यस्ता व्यक्तिहरूको संख्या हेरी विद्यालयसमेतमा शौचालयको समेत प्रवन्ध गर्ने, गराउन,

१३. यस्ता समुदायका व्यक्तिहरूको खेलकूद, कलाकारिता, साहित्य र संगीत जस्ता क्षेत्रमा अभिरुचिका आधारमा प्रतिभा विकसित गर्न प्रोत्साहन तथा सरसहयोग गर्ने ।

<u>बोधार्थ</u>

श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं ।
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

(वेदप्रसाद भट्टराई)
सचिव